# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुढा, डडेल्धुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.: २०८०/८१ मिति : २०८०/१०/२९

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना !!!

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को हफा ११, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचानल निर्देशिका,२०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०८१/०८२ मा यस परशुराम नगरपालिका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०८० फागुन महिनाभित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम स्थानीय तहमा **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** अभियानको माध्यमबाट आर्थिक र सामाजिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन प्रोत्साहन गर्ने एवम आवश्यकता अनुसार निवेदन गर्न सहयोग उपलब्ध गराउने कार्यमा **जनप्रतिनिधि तथा नागरिक समाजले** वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम संचालनमा सहयोग गर्नहुन अनुरोध छ ।

निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को अनुसूची १ बमोजिम हुनुपर्नेछ। निवेदन परशुराम नगरपालिका रोजगार सेवा केन्द्र, परशुराम नगरपालिकाको वेवसाईट parshurammun.gov.np र सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**बेरोजगार सुचीमा सुचिकृत हुन आवश्यक मापदण्डहरु :**

क) निवेदन दिंदाको मितिसम्म सोही आ.व मा न्यूनतम १०० दिनको रोजगारमा संलग्न नभएको,

ख) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आ.व मा १०० दिनको रोजगारी बाफत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको,

ग) कम्तीमा १८ वर्ष पूरा भई ५९ वर्ष उमेर ननाघेको,

रोजगार संयोजक

प्रमुख प्रशासकीय अधिकृत

फोन: ०९६-४११००४, ईमेल: parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np

परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**निवेदन दर्ताको लागि आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ प्रति,
२. अनुसुची १ बमोजिमको सम्पूर्ण तथा यथार्थ विवरणहरु उल्लेख भएको निवेदन -१ प्रति,
३. आवेदन चालु आ.व.मा पनि बेरोजगार सूचीमा सुचिकृत भएमा आवेदनमा लाभग्राही परिचयपत्र नं. समेत अनिवार्य उल्लेख गर्ने र काम गरेको भए काम गरेको दिन उल्लख गर्ने ,
४. निवेदन दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो,
५. निवेदन दिने व्यक्तिको एकाघर परिवारका सबै सदस्यहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि; नाबालकको हकमा जन्म दर्ताको प्रतिलिपि,
६. निवेदक दिने व्यक्तिले कुनै सिपमुलक तालिम लिएको भए तालिमको प्रमाणपत्रको प्रतिलिपि,
७. निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृत लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि,
८. निवेदक भुमिहिन वा सुकुम्बासी भएमा सो व्यहोरा खुल्ने प्रमाणपत्र/कागजातको प्रतिलिपि,
९. निवेदकले आफ्नो एकाघर परिवारको सम्पुर्ण सदस्यको नाम थर ना. प्र. नं., ना. प्र. जारी मिति, जारी जिल्ला शैक्षिक योग्यता, सामाजिक सुरक्षा भत्ता लिइरहेको / नरहेको आदि विवरणहरु अनिवार्य रुपमा फारममा उल्लेख गरेको हुनु पर्ने छ,
१०. कृषि उत्पादनले तिन महिना खाना नपुग्ने परिवारको हकमा अनिवार्य रुपमा जग्गा धनिको लालपूर्जा फोटोकपिको प्रतिलिपि ।

**नोट:** उपरोक्त विवरणहरु गलत वा अपूर्ण भएमा EMIS मा प्रविष्टी गर्दा फारम स्वत: रद्द हुने जानकारी गरिन्छ ।

केवश राज पन्त
रोजगार संयोजक
रोजगार संयोजक

कृष्ण देव जोशी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner